**तीनपाटन राजपत्र भाग २,**

**खण्ड ७, संख्या ६, मितिः २०८०।०४।३२**

**तीनपाटन गाउँपालिका**

**तीनपाटन राजपत्र**

**खण्ड ७ संख्या ६ मितिः २०८०।०४।३२**

**भाग २**

**तीनपाटन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**लाम्पनटार, सिन्धुली, बागमती प्रदेश, नेपाल**

तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८० साल श्रावण महिना ३१ गते बसेको बैठकले पारित गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

## उद्यमसँगैं जनजीविका प्याड उत्पादनमा स्वयंसेविका कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**गाउँपालिकाका अध्यक्षज्यूबाट प्रमाणीकरण मितिः** २०८०।०४।३१

**प्रस्तावनाः** महिनावारीको समयमा प्रयोगमा ल्याइने परम्परागत प्याडका कारण अधिकाँश महिलाहरुको पाठेघरमा संक्रमण देखा पर्न थालेकोमा गाउँपालिका क्षेत्रभित्रका प्रत्येक वडाबाट कम्तीमा एकजना महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई समूहमा आवद्ध गरी उक्त समूहलाई नै स्थानीयस्तरमै गुणस्तरीय स्यानिटरी प्याड उत्पादनको तालिम दिई सो समूह मार्फत् उत्पादित स्यानिटरी प्याड गाउँपालिकाबाट खरिद गरी महिला स्वास्थ्य स्वयंसेविका मार्फत् नै लाभग्राही महिलाहरुलाई निःशुल्क वितरण गर्ने भनी तीनपाटन गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्धारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (३२) ले निर्देश गरेकोमा तीनपाटन गाउँपालिकाको विनियोजन ऐन, २०८० को दफा ५ ले दिएको अधिकार प्रयोग गरी तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०४।३१ गते बसेको बैठकले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यविधिको नाम **"उद्यमसँगैं जनजीविका प्याड उत्पादनमा स्वयंसेविका कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि तीनपाटन राजपत्रमा प्रकाशन भए पश्चात् गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यपालिका"** भन्नाले तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ख) **"कार्यालय"** भन्नाले तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ग) **"कार्यविधि"** भन्नाले तीनपाटन गाउँपालिकाको उद्यमसँगै जनजीविका प्याड उत्पादनमा स्वयंसेविका कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लाई सम्झनुपर्छ।

(घ) **"कार्यसञ्चालन निर्देशिका"** भन्नाले तीनपाटन गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ लाई सम्झनुपर्छ।

(ङ) **"गाउँपालिका"** भन्नाले तीनपाटन गाउँपालिका, सिन्धुलीलाई सम्झनुपर्छ।

(च) **"लाभग्राही महिला"** भन्नाले यो कार्यविधिको दफा ८ मा व्यवस्था भए बमोजिम स्यानिटरी प्याड प्राप्त गर्ने परिवार समूहका लाभग्राही महिलालाई सम्झनुपर्छ।

(छ) **"वडा"** भन्नाले तीनपाटन गाउँपालिकाको कुनैपनि वडालाई सम्झनुपर्छ।

(ज) **"स्वयंसेविका"** भन्नाले गाउँपालिका क्षेत्रभित्रका महिला स्वास्थ्य स्वयंसेविकालाई सम्झनुपर्छ।

(झ) **"स्वयंसेविकाको समूह"** भन्नाले स्थानीयस्तरमै घरेलु स्यानिटरी प्याड उत्पादन गर्ने उद्देश्यले गाउँपालिका क्षेत्रभित्रका सबै वडाबाट कम्तीमा एक/एकजना महिला स्वास्थ्य स्वयंसेविका सम्मिलित स्वयंसेविकाहरुको समुहलाई सम्झनुपर्छ।

(ञ) **"सभा"** भन्नाले तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभालाई सम्झनुपर्छ।

(ट) **"स्यानिटरी प्याड"** महिनावारीको समयमा परम्परागतरुपमा प्रयोगमा ल्याइएको कपडालाई विस्थापन गर्ने उद्देश्यले सुती र आवश्यकता अनुसार तरल पदार्थ सोस्ने अन्य कपडाको संयोजन मिलाएर पुर्नप्रयोगमा ल्याउन सकिने गरी स्थानीयस्तरमै उत्पादन हुने प्याडलाई सम्झनुपर्छ।

(ठ) **"स्वीकृत बजेट"** भन्नाले उद्यमसँगैं जनजीविका प्याड उत्पादनमा स्वयंसेविका कार्यक्रमका लागि सभा एवम् कार्यपालिकाबाट विनियोजित बजेटलाई सम्झनुपर्छ।

**३. <u>स्थानीयस्तरमा स्यानिटरी प्याड उत्पादन तालिम सञ्चालन गरिने:</u>** (१) कार्यालयले स्वीकृत बजेटभित्रबाट प्रत्येक वडाबाट सिलाइबुनाई सम्बन्धी ज्ञान भएका कम्तीमा एक/एकजना स्वयंसेविका समावेश हुने गरी त्यस्ता स्वयंसेविकाहरुलाई स्यानिटरी प्याड उत्पादनमा क्रमशः उद्यमशील बनाउँदै लैजाने सोचका साथ विगतमा यस्तै प्रकृतिका तालिम दिँदैं आएका प्रशिक्षक मार्फत् तालिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिमको तालिम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने मेशिनरी औजार, तालिम सामाग्री र कच्चा पदार्थ समेत स्वीकृत बजेटभित्रैबाट व्योहोर्ने व्यवस्था मिलाउनु पर्नेछ।

**४. <u>तालिम सामाग्री अनुदान स्वरुप उपलब्ध गराइने:</u>** (१) दफा (३) बमोजिम सञ्चालन हुने तालिमका सहभागी स्वयंसेविकाहरुले प्रयोग गर्ने गरी तालिम सञ्चालनका लागि खरिद गरी तालिममा प्रयोग समेत भएका सामाग्री तथा औजार उपकरणहरु तालिमको समापन पश्चात् कार्यालयले स्वयंसेविकाको समूहलाई अनुदान स्वरुप उपलब्ध गराउनेछ।

(२) कार्यालयले स्वीकृत बजेटभित्रबाट स्यानिटरी प्याड उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ खरिद गरी उपदफा (१) बमोजिमका स्वयंसेविकाको समूहमा आवद्ध स्वयंसेविकालाई उपलब्ध गराउन सक्नेछ।

**५. तालिमप्राप्त स्वयंसेविकाहरुले स्यानिटरी प्याड उत्पादन गर्नुपर्नेः** दफा ३ बमोजिमको तालिम कुशलतापूर्वक लिई दफा ४ बमोजिम औजार उपकरण समेत अनुदान स्वरुप बुझी लिने स्वयंसेविकाले तालिममा सिकाइए बमोजिमको कच्चा पदार्थ तथा सामाग्री प्रयोग गरी तालिममा सिकाइए बमोजिमका साइजका स्यानिटरी प्याडहरु उत्पादन गर्नु पर्नेछ।

**६. स्यानिटरी प्याडको मूल्य निर्धारण गरी लाभग्रही महिलालाई वितरण सम्म गरिनेः**
(१) सामाजिक विकास समितिमा स्वयंसेविकाको समुहमा आवद्ध कम्तीमा दुईजना स्वयंसेविका र स्वास्थ्य शाखाको प्रमुख समेतको प्रतिनिधित्व गराई उक्त समितिको सिफारिसमा यस कार्यविधि बमोजिम उत्पादन हुने स्यानिटरी प्याडको मूल्य र त्यसरी उत्पादन भएको स्यानिटरी प्याड वितरण गर्ने स्वयंसेविकालाई दिइने प्रोत्साहन रकम समेत कार्यपालिकाले तोक्नेछ।

(२) लाभग्राही महिलाहरुलाई स्यानिटरी प्याड वितरण गर्ने स्वयंसेविकाले अनुसूची १ बमोजिमको ढाँचामा स्यानिटरी प्याड वितरण भर्पाई पेश गर्नु पर्नेछ।

(३) कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा स्यानिटरी प्याड उत्पादन, वितरण र रकम भुक्तानीको सिफारिस प्राप्त गरे पश्चात् स्वयंसेविकाको समुहको कोष खातामा रकम निकासा गरी दिनु पर्नेछ।

**७. स्यानिटरी प्याड खरिद तथा वितरण वापतको रकम स्वयंसेविकाको कोष खातामा निकासा गरिनेः** (१) दफा ६ बमोजिम निर्धारण हुने मूल्यमा कार्यालयले स्वयंसेविकाको समूहसँग स्यानिटरी प्याड खरिद गरी उक्त समूह मार्फत् नै त्यस्ता स्यानिटरी प्याड लाभग्राही महिलाहरुलाई वितरण गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) मा व्यवस्था भए बमोजिम निर्धारण गरिने मूल्यमा खरिद गरिने स्यानिटरी प्याड वापतको रकम स्वयंसेविकाको समूहको बैंक खातामा सोझै जम्मा हुने गरी कार्यालयले खर्च लेख्नु पर्नेछ।

**८. स्यानिटरी प्याड उपलब्ध गराइने लाभग्राही महिलाहरुः** (१) नेपाल सरकारबाट गरिब परिचयपत्र प्राप्त वा विपन्न परिवार समुहका गाउँपालिका क्षेत्रभित्रका परिवार समुहका महिलाहरुलाई पहिलो प्राथमिकतामा राखी यस कार्यविधिले व्यवस्था गरेको स्यानिटरी प्याड निःशुल्करुपमा उपलब्ध गराइनेछ।

(२) स्वीकृत बजेटको सीमाभित्र रही उपदफा (१) मा उल्लिखित परिवार समूहभन्दा बाहेकका कार्यपालिकाले तोकेको परिवार समूहका महिलाहरुलाई समेत निःशुल्क वा साझेदारीमा स्यानिटरी प्याड उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका क्षेत्रभित्र गरिब परिचयपत्र वितरणको कार्य सम्पन्न नहुञ्जेलसम्म यस कार्यविधि बमोजिम निःशुल्क उपलब्ध गराइने स्यानिटरी प्याड पाउने लाभग्राही परिवारको छनोट कार्यपालिकाले गर्नेछ।

**९. स्वयंसेविकाको कोष खाताको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्नुपर्नेः** स्वयंसेविकाको समूहको नाममा बैंकमा रहेको कोष खाताको आन्तरिक लेखा परीक्षण कार्यालयको

आन्तरिक लेखा परीक्षण उपशाखाबाट र अन्तिम लेखापरीक्षण रजिष्टर्ड लेखापरीक्षकबाट गराउनु पर्नेछ।

**१०. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति विषय यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**११. वैकल्पिक व्यवस्था गरेर समेत स्यानिटरी प्याड उत्पादन गर्न सकिनेः** यस कार्यविधिमा व्यवस्था भए बमोजिम स्वयंसेविकाको समूह मार्फत् स्थानीयस्तरमैं स्यानिटरी प्याड उत्पादन तथा वितरण हुन नसकेमा कार्यपालिकाले वैकल्पिक व्यवस्था गरेर भएपनि स्यानिटरी प्याड उत्पादन गरी वितरण गर्नेसम्मको व्यवस्था मिलाउन सक्नेछ।

**१२. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आई परेमा कार्यालयको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा वा बाधा अड्चन फुकाउन सक्नेछ।

अनुसूची १

**स्यानिटरी प्याड वितरण भर्पाई**

मितिः २०   ।   ।

श्री स्वास्थ्य संस्था प्रमुखज्यू,
... नं. वडा, तीनपाटन गाउँपालिका, सिन्धुली।

विषयः **स्यानिटरी प्याड वितरणको भर्पाई पेश गरेको।**

प्रस्तुत विषयमा तीनपाटन गाउँपालिकाको उद्यमसँगैं जनजीविका प्याड उत्पादनमा स्वयंसेविका कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसार उत्पादित स्यानिटरी प्याड देहायमा उल्लिखित विवरण भएका लाभग्राही महिलाहरुलाई तपसिल बमोजिमको परिमाणमा वितरण गरी यो भर्पाई पेश गरेको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु।

| क्र.सं. | स्यानिटरी प्याड प्राप्त गर्ने लाभग्राही महिलाको नाम, थर | स्यानिटरी प्याडको परिमाण | सम्पर्क नम्बर | बुझिलिने लाभग्राही महिलाको हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**वितरण गर्ने स्वयंसेविकाको नाम, थरः**
**हस्ताक्षरः**
**सम्पर्क नम्बरः**

## अनुसूची २

## स्यानिटरी प्याड उत्पादन, वितरण तथा रकम सिफारिसको अभिलेख

मितिः २०  ।  ।

श्री स्वास्थ्य संस्था प्रमुखज्यू,

..... स्वास्थ्य संस्था .. नं. वडा, तीनपाटन गाउँपालिका, सिन्धुली।

तीनपाटन गाउँपालिकाको उद्यमसँगै जनजीविका प्याड उत्पादनमा स्वयंसेविका कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम उत्पादित स्यानिटरी प्याडको उत्पादन तथा वितरणको अभिलेख देहाय बमोजिम पेश गरेका छौं। कार्यविधिले व्यवस्था गरे बमोजिमको रकम उपलब्ध गराई दिने सिफारिस गरी दिनु हुन अनुरोध गर्दछौं।

<table>
<tr><td colspan="6">स्यानिटरी प्याड उत्पादन मितिः देखि सम्म<br>स्यानिटरी प्याड वितरण मितिः देखि सम्म</td></tr>
<tr><td>उत्पादित स्यानिटरी प्याडको परिमाण</td><td>वितरित स्यानिटरी प्याडको परिमाण</td><td>मौज्दात स्यानिटरी प्याडको परिमाण</td><td>स्यानिटरी प्याड उत्पादन गर्ने स्वयंसेविकाको नाम</td><td>लाभग्राही महिलालाई स्यानिटरी प्याड वितरण गर्ने स्वयंसेविकाको नाम</td><td>लाभग्राही महिलाको संख्या</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="6">उपरोक्त बमोजिमको विवरण ठीक साँचो हो। फरक परे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्ने-<br>स्यानिटरी प्याड उत्पादन गर्ने स्वयंसेविकाको हस्ताक्षरः<br>लाभग्राही महिलालाई स्यानिटरी प्याड वितरण गर्ने स्वयंसेविकाको हस्ताक्षरः</td></tr>
</table>

..........................................................................................................

**मितिः २०  ।  ।**

श्री वडा अध्यक्षज्यू,

....नं. वडा कार्यालय, तीनपाटन गाउँपालिका, सिन्धुली।

माथि पेश भए बमोजिमका लाभग्राही महिलाहरुले स्यानिटरी प्याड प्राप्त गरेको हुँदा प्याड उत्पादन एवम् वितरण गर्ने स्वयंसेविकाहरुलाई नियमानुसारको प्रोत्साहन रकम उपलब्ध गराई दिनका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गरी दिनु हुन अनुरोध गर्दछु।

**(स्वास्थ्य संस्था प्रमुख)**

..........................................................................................................

मितिः २०  ।  ।

**श्री तीनपाटन गाउँ कार्यपालिकाको कार्यालय, लाम्पन्टार, सिन्धुली।**

माथि उल्लेख भए बमोजिमको विवरण अनुसार यस वडाभित्रका लाभग्राही महिलाहरुले स्यानिटरी प्याड प्राप्त गर्नु भएको हुँदा गाउँ कार्यपालिकाले निर्धारण गरेको दरमा स्यानिटरी प्याड उत्पादन र वितरण गर्ने स्वयंसेविकाले पाउने रकम निकासा गरी दिनुहुन सिफारिससाथ अनुरोध गर्दछु।

(                    )

वडा अध्यक्ष

आज्ञाले,
सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत
तीनपाटन गाउँपालिका, सिन्धुली, बागमती प्रदेश, नेपाल
मिति: २०८०।०४।३२